# कमलामाई नगरपालिकामा

# उन्नत जातको बाख्रा वितरण सम्बन्धि कार्यविधि, २०८०

कार्यपालिका स्वीकृत मिति :२०८०।४।१७

प्रस्तावना :

रोजगारी, जिविकोपार्जन तथा आत्मनिर्भरताका लागी पशुपालन प्रति आकर्षण बढदो छ, कमलामाई नगरपालिकामा पशुपालन तर्फको बाख्रा पालनमा धेरै किसानहरु आवद्ध रहेका छन् । बाख्राको लागी प्रसस्त चरण क्षेत्र र उपयूक्त हावा पानीका कारण पनि किसानहरु बाख्रा पालन व्यावसाय प्रति उत्साहित छन् । गरीविको रेखामुनि रहेका घर परीवारलाई बाख्रा पालनबाट जिविकोपार्जनमा महत्वपुर्ण टेवा पुगेको छ र व्यावसायिक बाख्रा पालनबाट राम्रो आम्दानी र रोजगारी पनि श्रृजना भइरहेको छ ।नगरपालिकाले गरीबी न्यूनिकरणका लागी विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ र यसै परीपेक्षमा बाख्रा पालन प्रति अभिरुचि राख्ने गरीब लक्षित परीवारको पहिचान गरी बाख्रा अनुदान स्वरुप उपलब्ध गराउने निति तथा कार्यक्रम भएकाले उन्नत तथा क्रस जातको बाख्रा खरीद गरी लक्षित घर परीवारलाई वितरण गर्न र बजेटको चुस्त, दुरुस्त, प्रभावकारी कार्यन्वयन गर्ने उद्धेश्य रहेको छ ।

मासुमा आत्मनिर्भर बनाउनका लागि यस नगरपालिकाका विभिन्न क्षेत्र भित्र व्यवसायिक रुपमा बाख्रा पालन हुँदै आएको छ | परम्परागत ढंगले पालिदै आएको बाख्राहरु आफ्नै सन्तानहरुसँग हाडनाता प्रजनन् भई रहेको विधमान अवस्थामा उत्पादित बाख्राहरु पुड्का, होचा, ख्याउटे र रोगी हुनका साथै न्यून उत्पादन रहेको पाईन्छ | सुधारिएको तथा उन्नत जातका बोकाबाट स्थानीय तथा क्रस जातका बाख्राहरुमा प्रजनन् गराइएमा बाख्राको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने उदेश्यले नगरपालिका क्षेत्रमा उन्नत जातको बोका खरिद गरी वितरण गर्नका लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तर्जुमा गरिएको छ |

१. संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम "उन्नत जातको बाख्रा वितरण सम्बन्धी कार्यविधि, २०८०" रहेको छ |

ख) यो कार्यविधि नगरकार्यपालिका बाट स्वीकृत भएको मिति देखि लागू हुनेछ |

२. कार्यविधि लागु हुने क्षेत्र:

यो कार्यविधि कमलामाई नगरपालिका भित्र तोकेको क्षेत्रमा लागु हुनेछ |

३. परिभाषा:

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

उपेन्द्र कुमार पोखरेल
प्रमुख

क) उन्नत जातको बाख्रा, बोका, पाठापाठी भन्नाले स्थानीय तथा क्रस जातका बाख्राले पाएका राम्रो गुणस्तर भएको र जातिय शुद्दता भएको माउँ पाल्न योग्य बाख्रा तथा कोरेली पाठीहरुलाई जनाउनेछ । (जस्तैः खरी तथा खरी र जमुनापारी क्रस, बोयर तथा बोयर क्रस, सानन, बिटल, सिरोही तथा अन्य क्रस जातका बाख्राहरु)

ख) माउ बाख्रा भन्नाले प्रजनन योग्य उन्नत तथा क्रस जातका कम्तिमा ६ महिना उमेर पुगेको र १ वर्ष ननाघेको बाख्रा तथा कोरेली पाठीलाई जनाउनेछ ।

ग) हाडनाता प्रजनन् भन्नाले पाँच पुस्ता भित्रका सन्ततीबिच प्रजनन् गराउने प्रक्रियालाई भनिन्छ ।

घ) खरिद समिति भन्नाले पालिकाले नियम अनुसार सामाग्री तथा वस्तु खरिद गर्न बनाएको समितिलाई जनाउँदछ ।

ङ) अनुदान भन्नाले जम्मा लागतको पालिकाले उपलब्ध गराउने बाख्राको निश्चित मूल्यको हिस्सा व्यहोर्ने रकमलाई जनाउनेछ ।

च) नश्ल सुधार भन्नाले उत्पादन र उत्पादकत्व वृद्दि गर्नको लागि त्यहि जातको नजिकको नाता नपर्ने सँग प्रजनन् (४-६ पुस्ता बाहिर ) गराउने भन्ने जनाउँदछ ।

छ) स्थानीय तह भन्नाले कमलामाई नगरपालिकालाई सम्झनुपर्छ ।

ज) उपभोक्ता भन्नाले बाख्रा पालक किसानलाइ जनाउँनेछ ।

४. उन्नत जातको बाख्रा वितरणको आधारः

उन्नत जातको बाख्रा वितरणका लागि तपसिल बमोजिमका आधारहरु तय गरिएको छ ।

तपसिल

क) बाख्रा अनुदानका लागि बजेटमा तोकिएको क्षेत्रहरुमा बाख्रा पालन गर्दै आएका किसाहरुमध्येबाट छनौट गरिनेछ ।

ख) विपन्न कृषकहरुमध्ये पनि एकल महिला, दलित, पिछडिएको जातजाति तथा वर्गका व्यक्तिहरुलाई विशेष प्राथामिकतामा राखिनेछ ।

ग) विपन्न कृषकहरुको छनौट गर्दा सम्बन्धित वडा समितिले निर्णय गरी छनौट गर्नुपर्नेछ र यस सम्बन्धमा वडा समितिको बैठक बस्दा पशु विकास शाखाको प्राविधिकलाइ पनि आमन्तरण गर्नुपर्नेछ । प्राविधिकले आवश्यक समन्वय र सहजिकरण गर्नुपर्नेछ ।

घ) सार्वजानिक खरीद ऐन र नियमावलीमा व्यवस्था भए अनुसार नगरपालिकाको खरिद इकाइबाट बाख्रा खरीद गरी वडा कार्यालयको सिफारिसमा विपन्न बाख्रापालक किसानहरुलाइ अनुदान स्वरुप प्रत्येक घर परिवारलाइ २ वटा वा कमलामाई नगरपालिकाको निर्णय अनुसार बाख्रा वितरण गरिनेछ

ङ) यसरी बाख्रा अनुदान स्वरुप वितरण गर्दा सम्बन्धित वडाको कृषकहरुलाइ पायक पर्ने स्थानबाट वितरण गरिनेछ ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

च) वडा कार्यालयको उपस्थितिमा नगरपालिका पशुविकाश शाखाबाट कार्यक्रम राखि बाख्रा वितरण गरिनेछ ।

५. बाख्रा अनुदान वितरण क्षेत्र

यस कार्यक्रम आर्थिक वर्ष २०८०/८१ मा बजेटमा व्यवस्था भए अनुसार कमलामाई नगरपालिका वडा नं. १,८,११,१२ र १३ नं. वडामा लागु हुनेछ र अन्य आ.व.को लागी कमलामाई नगरपालिकाको निर्णय वा नियमानुसार हुनेछ ।

६. वितरण गरिने बाख्राका सम्बन्धमा तपसिल बमोजिमका शर्तहरु रहेनेछन ।

क) कृषकहरु आफैले भौगोलिक क्षेत्र र मौषम सापेक्ष उचित किसिमको खोर व्यवस्थापन गर्नुपर्नेछ।

ख) दैनिक पोषिलो दाना, घाँस पानी सँगै माहामारी रोग विरुद्धको खोप, रोगको उपचार तथा आन्तरिक परजिबिबाट बचाउने उपायहरु अवलम्बन गर्नु पर्ने छ।

ग) नगरपालिकाले वितरण हुने बाख्राको शुरुको विमा गरी वितरण गर्नुपर्नेछ ।

घ) बाख्राको अवस्थाका सम्बन्धमा कृषकहरुले ३\३ महिनामा सम्बन्धित वडाका पशु प्राविधिकहरु मार्फत पशु विकास शाखा समक्ष जानाकारी गराउनुपर्नेछ।

ङ) बाख्रामा कुनै पनि समस्या आएमा यथाशीघ्र वडाको पशु प्राविधिक वा पशु विकास शाखामा खबर गरी उपचार वा समस्याको समाधान गर्नुपर्नेछ ।

च) कृषकहरुले आफू खुसी बेच विखन गर्ने, मास्ने, खाने, अरुलाइ हस्तान्तरण गर्ने, अरुलाइ पालनमा जिम्मा दिने गर्न पाइने छैन ।

छ) कमलामाई नगरपालिकाले संचालन गरेको बाख्रा व्यवस्थापन तालिममा अनिवार्य सहभागीता जनाइ तालिमबाट सिकेको कुरा बाख्रा पालनमा उपयोग गर्नुपर्नेछ ।

ज) कम्तिमा २ वर्ष सम्म माउ बाख्रा खरीद विक्रि गर्न, मास्न , हस्तान्तरण गर्न पाइनेछैन ।

झ) नगरपालिकाले अनुदान स्वरुप दिएको बाख्रा नगरपालिकाको अनुमति बेगर आफूखुसी गरेको पाइएमा सम्बन्धित कृषकले सरकारी हर्जना स्वरुप नगरपालिकालाइ बाख्राको मुल्यको दोब्बर रकम बुझाउनुपर्नेछ । नियम अनुसारको शर्त तोड्ने कृषकहरुलाइ नगरले प्रदान गर्ने सेवा सुविधा समेत नगरपालिकाले रोक्का गर्न सक्नेछ ।

ञ) अनुदान स्वरुप बाख्रा प्रदान गर्दा कृषकहरुलाइ अत्यावश्यक औषधीहरु निशुल्करुपमा नगरपालिकाले उपलब्ध गराउँनेछ ।

७. उन्नत जातको बाख्रा व्यवस्थापन सम्बन्धि

क) उन्नत जातको बाख्रा मरेमा वडाका जनप्रतिनिधि र पशु प्राविधिकहरुको उपस्थितिमा सर्जिविन मुचुल्का उठाई नस्ट गरिने वा बीमाको प्रकृया अनुसार रकम दाबी गर्नु पर्नेछ ।

ख) कुनै कारणवश माउ बाख्रा ब्याउने नभएमा वा उत्पादन योग्य नभएमा वा कारणवस बाख्रा घाइते, अपांग भएमा वडा कार्यालय र भेटेरिनरी प्राविधिकको रोहवरमा अर्को बाख्रा परीवर्तन गर्न सकिनेछ

८. बाख्रा अनुदान पाउँने प्रक्रिया

क) उन्नत जातको बाख्रा अनुदान प्राप्त गर्न चाहने कृषक उपभोक्ताहरुको लागि निवेदन तथा प्रस्ताव पेश गर्न १५ दिन म्याद राखि कमलामाई नगरपालिकाको कार्यलयबाट सार्वजनिक सूचना प्रकाशित गरिनेछ ।

ख) उन्नत जातको बाख्राको लागि कृषकहरुले अनुसुचि-१ बमोजिम उल्लेखित कागजात सहित कमलामाई नगरपालिकाको सम्बन्धित वडा कार्यालयमा निवेदन दिनुपर्नेछ ।

ग) उन्नत जातको बाख्रा अनुदानका लागि निवेदनको ढाँचा अनुसुचि-२ मा उल्लेख भए बमोजिमको हुनुपर्नेछ ।

घ) उपभोक्ता छनौट गर्दा दफा ४ मा उल्लेखीत आधारहरु लिइनेछ ।

९. आपूर्तिकर्ताको छनौटः

क) अनुदानमा उपलब्ध गराईने बाख्रा आपूर्तिकर्ताको छनौट सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ ।

ख) नगरपालिकाको मूल्याङ्कन समितिले आवश्यकता अनुसार विषय विशेषज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१०. अनुदान रकमको सीमा र प्रतिशत

यस कमलामाई नगरपालिकाबाट उन्नत जातको बाख्रा अनुदानमा वितरण गर्दा अनुदानको रकम देहाय बमोजिम हुनेछ ।

| सि.न. | विवरण | बजेट रकम | नगरपालिकाको तर्फबाट लागत साझेदारी प्रतिशत | अनुदानग्राहीको तर्फबाट लागत साझेदारी प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | विपन्न लक्षित बाख्रा अनुदान कार्यक्रम कनपा १, ११, १२, ८ र १३ | ६०००००० साठी लाख मात्र | १००% | ००% | |

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

११. *उन्नत बाख्रा वितरण प्रक्रिया:*

क) प्राविधिकबाट बाख्राको लागत अनुमान तयार गरी खरिद इकाइबाट सिफारिस भइ कार्यालय प्रमुखबाट स्वीकृत गरिनेछ ।

ख) सवै ५ वटै वडा कार्यालयहरुलाइ बराबरी वा आवस्यक्ता र माँग अनुसार बाख्रा उपलब्ध गराइनेछ र लागत अनुमान पश्चात प्रति वडामा कति वाख्रा वितरण गर्न सकिने रहेछ एकीन गरिनेछ ।

ग) वडा कार्यालयलाइ वितरण गरिने बाख्राको संख्याको विवरण पशुविकास शाखा मार्फत जानकारी गराइनेछ ।

घ) वडा कार्यालयले दफा ४ बमोजिम वडा समिति मार्फत किसानहरुको छनौट गर्नुपर्नेछ । र नगरपालिकालाइ छनोट किसानहरुको सूचि उपलब्ध गराउँनुपर्नेछ ।

ङ) सार्वजनिक खरिद कानुन अनुसार बाख्राको खरिद नगरपालिकाले गर्नुपर्नेछ ।

१२. अनुगमन तथा मुल्यॉंकन

क अनुगमन मुल्यॉंकनको कार्य नगरपालिकाको आर्थिक विकास समिति मार्फत हुनेछ । अनुगमन समितिले दिएको सुझाव तथा सिफारिसलाइ कार्यालयले प्राथमिकता दिनुपर्नेछ ।

१३. विविध : यस कार्यविधिमा भएको कुनै बुँदा बाझिएमा वा शर्तहरु थपघट गर्नु परेमा सो को निर्णय गर्ने अधिकार नगरकार्यपालिकामा निहित रहने छ ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

अनुसूची — १

दफा ७ को (ख) सँग सम्बन्धीत

उपभोक्ताले वडामा निवेदन गर्दा प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु:

१. एकाघरपरिवारको सदस्यहरको नाम, उमेर खुलाइ घर मुलीको नागरिकताको फोटोकपी सहितको वडा कार्यालयलाइ सम्बोधन गरेको निवेदन

२. एकल महिला, दलित, विपन्नता, पिछडिएको वर्ग खुल्ने कागजात भए सोको प्रतिलिपि ।

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख

अनुसूची-२

दफा ७ को (ग) सँग सम्बन्धित

अनुदानमा बाख्रा प्राप्त गर्न चाहने उपभोक्ताले पेश गर्नुपर्ने निवेदनको ढाँचा

मितिः...............................

श्री वडा अध्यक्ष ज्यू,
वडा न  कार्यलय

विषयः बाख्रा अनुदानमा उपलब्ध गराई पाँउ।

प्रस्तुत विषयमा कमलामाई नगरपालिका वडा........ स्थित................................ कृषकलाइ............ बाख्राको नश्ल सुधार गरी सन्तानोत्पादन कार्यमा उपयोग गर्न " उन्नत जातको बाख्रा वितरण कार्यविधि, २०८०" अनुसार तँहा नगरपालिकाको मिति........................................... को प्रकाशित सूचनाको आधारमा आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको \ गरेको छु \ छौं ।

निवेदक

घर मुलीको नाम थरः............................

कृषकको नाम थर.......................

ठेगानाः............................

सगोल परिवारको नाम थर र उमेरको विवरण

......

...........

उपेन्द्र कुमार पोखरेल
नगर प्रमुख